का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार ११ मंसिर ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

# धरहरा परिसरबाट एनपिएलको ट्रफी अनावरण

## ट्रफीको माथिल्लो भागमा जडित सगरमाथा आधार शिविर कालापत्थरबाट ल्याइएको ढुंगा मुख्य आकर्षण



एनपिएलको ट्रफी सार्वजनिकपछि प्रधानमन्त्री केपी ओलीसहित सहभागी आठ फ्रेन्चाइजका मार्की खेलाडी । तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

**नयाँ पत्रिका**

प्रधानमन्त्री केपी ओली र सहभागी आठ फ्रेन्चाइजका मार्कीले सोमबार संयुक्त रूपमा पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को ट्रफी धरहरा परिसरमा अनावरण गरेका छन् । एनपिएल ट्रफीको मुख्य आकर्षण नै सगरमाथाको आधार शिविर कालापत्थरको ढुंगा रहेको छ । ट्रफीको माथिल्लो भागको बिचमा कालापत्थरको ढुंगा राखिएको छ । सगरमाथा आरोहीद्वय निमा शेर्पा र मिङ्मा शेर्पाले ट्रफीमा प्रयोग गरिएको ढुंगा ल्याएका हुन् ।

प्रधानमन्त्री ओलीले ट्रफी सार्वजनिक गर्दै नेपाली क्रिकेटका लागि विशेष दिन रहेको बताएका छन् । 'आजको दिन नेपाली क्रिकेटकै विशेष हो, अहिले सबैलाई शुभकामना दिन्छु, जितेपछि जित्नेलाई बधाई दिन्छु,' ओलीले भने । १५ मंसिर देखि ६ पुसम्म चल्ने एनपिएलले पर्यटन प्रवर्द्धन हुने उनको भनाइ छ । 'एनपिएलको माध्यमबाट नेपालको पर्यटन व्यवसायमा टेवा पुग्ने विश्वास छ, यो क्षेत्र प्रवर्द्धन हुनमा सहयोग मिल्नेछ,' उनले भने । सरकारले खेलकुद क्षेत्रलाई सोचेजस्तो सहयोग गर्न नसकेको प्रधानमन्त्री ओलीले स्विकारेका छन् । 'सरकारले जति प्रोत्साहन गर्नुपर्ने हो, त्यति गर्न सकेको छैन, त्यसमा मलाई चित्त बुझेको छैन,' उनले भने ।

ट्रफी अनावरणमा जनकपुर बोल्ट्सका मार्की खेलाडी आसिफ सेख, काठमाडौं गोर्खाजका करण केसी, पोखरा एभेन्जर्सका कुशल भुर्तेल, चितवन राइनोजका कुशल मल्ल, लुम्बिनी लायन्सका रोहित पौडेल, विराटनगर किंग्सका सन्दीप लामिछाने, कर्णाली याक्सका सोमपाल कामी र सुदूरपश्चिम रोयल्सका दीपेन्द्रसिंह ऐरी रहेका थिए । प्रधानमन्त्री ओलीले नेपाली खेलाडी र मार्कीहरूको प्रशंसा गरेका छन् ।

क्रिकेट युवा पुस्ताको एउटा सपना र गौरव बनेको उनले बताए । क्रिकेट खेल मात्र नभई राष्ट्रिय जागरुकता र अनुशासनको प्रतीक पनि बनेको उनको भनाइ छ । अनावरणमा खेलकुदमन्त्री तेजुलाल चौधरी, राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङ र क्यानका अध्यक्ष चतुरबहादुर चन्द सहभागी थिए ।


### टिकट शुल्क तीन सयदेखि एक हजारसम्म

क्यानले एनपिएलको टिकट शुल्क निर्धारण गरेको छ । क्यानले उद्घाटन खेल, लिग, प्लेअफ खेल, फाइनल र सिजनल पासको टिकटसमेत निर्धारण गरेको छ । आगामी शनिबार विराटनगर र जनकपुरबिचको पहिलो खेलका लागि सामान्यतर्फ टिकटदर तीन सय र भिआइपीको सात सय रुपैयाँ क्यानले तोकेको छ । लिग चरणका खेलमा तीन सय र पाँच सय तोकिँदा प्लेअफमा पाँच सय र सात सय बनाएको छ । त्यस्तै, ६ पुसमा हुने फाइनल खेलको टिकटदर सामान्यतर्फ पाँच सय र भिआइपीतर्फ एक हजार निर्धारण गरेको छ । क्यानले पहिलोपटक आफैँ आयोजना गर्न लागेको लिगको सिजनल पास पनि उपलब्ध गराउने निर्णय गरेको छ । पासमा २० प्रतिशत छुट गरेको छ । सामान्यतर्फको मूल्य चार हजार चार सय ८० तथा भिआइपीतर्फको मूल्य आठ हजार दुई सय ४० रुपैयाँ तोकेको छ ।

### विदेशी प्रशिक्षकले दिए प्रशिक्षण


एनपिएलमा सहभागी जनाउन विदेशी प्रशिक्षक र खेलाडीले अभ्यास थालेका छन् । विराटनगरका प्रशिक्षक केभिन ओ'ब्रायन आयरल्यान्डबाट सोमबारै काठमाडौंबाट विराटनगर पुगेका छन् । उनले खेलाडीहरूलाई पहिलो दिन समान्य 'ब्रिफिङ' गरेका थिए । चितवनका भारतीय प्रशिक्षक उमेश पटवाल पनि नेपाल आएर प्रशिक्षण थालिसकेका छन् । लुम्बिनीमा भारतका प्रशिक्षक नन्दन फाडनिसले प्रशिक्षण गराइरहेका छन् । सुदूरपश्चिमका मेन्टर ब्राड हज नेपाल आइपुगेका छन् । खेलाडीको भूमिकामा अस्ट्रेलियाबाट विश्व च्याम्पियन रहेका उनी विश्वभरका फ्रेन्चाइज लिग खेलेको अनुभव छ ।

## प्रधानमन्त्री ओलीका नजरमा मार्की खेलाडी




**● रोहितको नाम सुन्दा गर्व लाग्छ**

लुम्बिनी लायन्सका कप्तान रोहित पौडेलको नाम सुन्यो कि मलाई गर्व लाग्छ । रोहितको कप्तानीले लुम्बिनीको भावना मैदानमा देख्नेछ ।




**● आसिफ कुल कप्तान**

जनकपुर बोल्ट्सका कप्तान आसिफ सेखले स्पोर्टस् म्यानसिप देखाउँदै आयरल्यान्डका खेलाडीलाई रन आउट नगरेको त्यो भाइरल भिडियो मैले पनि हेरेको थिएँ । सेखलाई क्याप्टेन, कुल, शान्त भनेर नाम, उपनाम दिए पनि हुन्छ ।




**● भुर्तेल ब्याटर कि बलर छुट्याउन गाह्रो**

पोखरा एभेन्जर्सका कप्तान कुशल भुर्तेल बलर हुन् वा ब्याटर छुट्याउन गाह्रो छ । उनीसँग कौशल छ । विश्वले नै छुट्याउन सकेको छैन जस्तो लाग्छ । यसपटक ९९ मा आउट हुन नपरोस् । एनपिएलमा शतक हान्नु भन्ने मेरो शुभकामना छ ।




**● मल्लले छक्का हानेको मन पर्छ**

हाम्रो साथीले चितवन राइनोज भन्ने गर्नुभएको छ । मचाहिँ चितवन गैडाज भन्छु । त्यति पनि अंग्रेजी नजान्ने भनेर फेरि भन्लान् । अंग्रेजीका पण्डित हुनुपर्छ भन्ने छैन । चितवनका कप्तान कुशल मल्ल हेर्दा सानोजस्तो लाग्थ्यो । ज्यानमा तागत बोकेर छक्का हान्ने शैली मलाई साह्रै मन पर्छ ।




**● सन्दीप क्रिकेटकै ब्रान्ड एम्बेस्डर**

विराटनगर किंग्सका सन्दीप लामिछाने हाम्रो क्रिकेटको ब्रान्ड एम्बेस्डरजस्तै हो । बिबिएलदेखि आइपिएलसम्म सन्दीपको बलले धेरै ब्याट्सम्यानलाई नाच्न बाध्य पारेको छ । त्यसैले मैले भनेको थिएँ । नेपालीले चान्स पायो भने गर्छ ।




**● सोमपालको योर्कर भुल्न सक्दिनँ**

कर्णाली याक्सका सोमपाल कामीका ती योर्करहरूलाई कसले भुल्न सक्छ । सोमपालले कर्णालीको चिसो पानीको तागत मैदानमा देखाउने विश्वास छ ।



**● करण भ्यालेन्टाइन ब्वाई**

काठमाडौं गोर्खाजका कप्तान करण केसीलाई भ्यालेन्टाइन ब्वाई भनेर सम्बोधन गर्ने कुरा थाहा पाएको थिएँ । उनले राजधानीको नाम राख्ने कुरामा विश्वास लिएको छु ।



**● नेपाली क्रिकेटका बाघ दीपेन्द्रसिंह**

अन्तिममा हिरोको पालो आउँछ । मेरो मन पर्ने नै भनौं । नेपाली क्रिकेटका बाघ दीपेन्द्र सिंह ऐरीको ६ छक्काको कीर्तिमान मलाई स्मरण छ । एनपिएलमा यस्ता धेरै कीर्तिमानी बनून् । सुदूरपश्चिम रोयल्सलाई पनि मेरो शुभकामना छ ।

■ सिस्नेरी घटना

# हेटौँडामा घेरिए एन्फाका पदाधिकारी

मकवानपुरमा **पोष्टराज अधिकारी**

गत १२ असोजमा मकवानपुरको सिस्नेरीमा पहिरोमा पुरिएर ज्यान गुमाएका ६ बाल खेलाडीका परिवारले सोमबार अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव किरण राईलगायतका पदाधिकारीलाई चार घण्टा घेरेर आफ्नो असन्तुष्टि पोखेका छन् । पीडित परिवारले एन्फाका पदाधिकारीहरूलाई दिउँसो १ बजे देखि साँझ ५ बजेसम्म घेरेका हुन् । महासचिव राईसहित एन्फाका प्राविधिक निर्देशक हरि खड्का, मकवानपुर जिल्ला अध्यक्ष एवं केन्द्रीय सदस्य टीका लामा र विकासनारायण श्रेष्ठले हेटौँडामा रहेको एन्फा एकेडेमी सञ्चालनको सम्झौता गर्न पुगेका थिए । हेटौँडा एकेडेमीमा एन्फाका पदाधिकारी आएको थाहा पाएपछि ६ जना बाल खेलाडीका अभिभावकहरूले उनीहरूलाई चार घण्टा घेराउ गरी आफ्ना माग पूरा गर्न दबाब दिएका थिए ।

> १२ असोजमा सिस्नेरीको पहिरोमा पुरिएर ज्यान गुमाएका ६ बाल खेलाडीका अभिभावकहरूले सोमबार हेटौँडा एकेडेमीमा छलफल गर्न पुगेका एन्फाका महासचिव किरण राई र प्राविधिक निर्देशक हरि खड्कालगायतलाई चार घण्टा थुने

एन्फाका महासचिव राई र प्राविधिक निर्देशक खड्काले मकवानपुरको इन्द्रसरोवर २ मा रहेको सिस्नेरीको एन्फा एकेडेमीलाई हेटौँडा एकेडेमीमा स्थानान्तरण गर्ने सहमति भएको जानकारी दिएका छन् । मृतक बाल खेलाडीहरूका सालिक निर्माण गर्ने र उनीहरूको नाममा प्रतियोगिता सञ्चालन गर्ने विषयमा यसअघि भएको सहमतिलाई छिटो कार्यान्वयन गर्ने एन्फाले प्रतिबद्धता गरेको छ । यसअघि, एन्फा पदाधिकारीहरूले एकेडेमीका छलफल गरिरहँदा पीडित अभिभावकले आफूहरूको माग पूरा गर्नुपर्ने भन्दै नाराबाजी गरेका थिए । जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरीसमेत परिचालन गरिएको थियो

### सिस्नेरीबाट हेटौँडामा सारिए विद्यार्थी

एन्फा र पीडित परिवारबिच भएको सहमतिअनुसार सोमबारै सिस्नेरी एकेडेमीमा रहेका १८ जना बाल खेलाडी हेटौँडा एकेडेमीको होस्टेलमा सारिएको एन्फाका प्राविधिक निर्देशक खड्काले जानकारी दिएका छन् । सिस्नेरी एकेडेमीमा रहेका २२ जना खेलाडीले हेटौँडा एकेडेमीमा बसेर अध्ययन र प्रशिक्षण गर्ने उनले बताए । एन्फाले नै सहुलियत शुल्कमा अध्ययन गराउने भएको छ । 'सिस्नेरी घटनापछि एन्फा एकेडेमीमा रहेका विद्यार्थीको फुटबल प्रशिक्षणसहित पढाइमा अवरोध पुगेको हुँदा चाँडो व्यवस्थापन गर्छौं,' खड्काले भने ।

### एन्फाको निर्णयमा १० क्लबको असहमति

एन्फाले 'बी' डिभिजन लिग आयोजनाको तयारी गरिरहँदा १० क्लबले असहमति जनाएका छन् । 'बी' डिभिजन लिगमा आबद्ध १० क्लबले सोमबार संयुक्त रूपमा विज्ञप्ति निकाल्दै १३ माघबाट गर्ने भनेको लिगको निर्णयमा ध्यानाकर्षण भएको जनाएका छन् । ६ मंसिरमा १४ मध्ये चार क्लबका पदाधिकारीबिचको छलफलमा एन्फाले लिगको मिति घोषणा गरेको हो । एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङको अध्यक्षमा बसेको बैठकमा बाँसबारीसँगै श्रीकुमारी, श्री भगवती र प्लानिङ ब्वाइज मात्रै सहभागी भए ।

■ सूर्य नेपाल सेन्ट्रल ओपन

# पहिलो दिन तोरण शीर्ष स्थानमा

**नयाँ पत्रिका**

सूर्य नेपाल गल्फ टुर २०२४-२५ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको पहिलो दिन सोमबार तोरणविक्रम शाही ५ अन्डर ६७ को उत्कृष्ट स्कोरका साथ शीर्ष स्थानमा रहेका छन् । उनले नेपाल नम्बर एक गल्फर भुवन नगरकोटी र सुनील केसीलाई एक स्ट्रोकले पछि पारेका छन् । ४ अन्डर ६८ स्कोरसहित भुवन र सुनील संयुक्त रूपमा दोस्रो स्थानमा छन् । ३ अन्डर ६९ स्कोर गरेका कृष्णमान राजबाहक चौथो स्थानमा रहेका छन् । २ अन्डर ७० सहित एमेच्योर खेलाडी राहुल विश्वकर्मा पाँचौं तथा एमेच्योतर्फ शीर्ष स्थानमा छन् । भुवनकुमार रोक्का र राजेन्द्र श्रेष्ठ प्रधानले संयुक्त रूपमा छैटौं स्थान बाँडेका छन् । उनीहरूले १ अन्डर ७१ स्कोर गरे ।



गोकर्ण गल्फ क्लबमा सिजनको पहिलो प्रतियोगितामा तोरणले फ्रन्ट नाइन ३ अन्डर ३३ स्कोर गरेका थिए । बोगीरहित फ्रन्ट नाइनमा उनले तेस्रो, सातौं र नवौं होलमा बर्डी प्रहार गरे । उनले १२औं, १३औं र १५औं होलमा एक-एक सट बचाउँदै ब्याक नाइन २ अन्डर ३४ स्कोर गरे । भुवनले फ्रन्ट नाइनमा पहिलो, तेस्रो र सातौं होलमा बर्डी निकाली ३ अन्डर ३३ स्कोर गरेका थिए । उनले ब्याक नाइनमा तीन बर्डी हात पारे पनि दुई बोगीको सामना गरे । उनी ब्याक नाइनमा १ अन्डर ३५ को स्कोरमा रोकिए ।

### ब्याक नाइनमा सुनील राम्रो

सुनीलले सुरुवात राम्रो गर्न सकेनन् । उनले फ्रन्ट नाइन १ ओभर ३७ स्कोर गरेका थिए । पाँचौं र छैटौं होलमा बोगी प्रहार गरेका उनले सातौं होलमा एक सट बचाएका थिए । अघिल्लो चरणमा खराब प्रदर्शन गरेका सुनीलले ब्याक नाइनमा लोभलाग्दो प्रदर्शन गर्न सफल भए । उनले ११औं देखि १४औं होलमा लगातार चार बर्डी प्रहार र १८औं होलमा एक सट बचाए । समग्रमा उनले ब्याक नाइन ५ अन्डर ३१ स्कोर गर्न सफल भए । एमेच्योरतर्फ राहुल २ अन्डरको स्कोरमा विजय श्रेष्ठलाई तीन स्ट्रोकले पछि पारे ।

१ ओभर ७३ स्कोरका साथ विजय दोस्रो स्थानमा छन् । साबिक विजेता सदभाव आचार्य २ ओभर ७४ स्कोरका साथ तेस्रो स्थानमा छन् । चार दिनसम्म चल्ने प्रतियोगितामा ३४ प्रोफेसनल र तीन वा तीनभन्दा कम ह्यान्डिक्याप भएका १३ खेलाडीले उपाधिका लागि दाबेदारी प्रस्तुत गरिरहेका छन् ।

## खेल संक्षेप

### स्पाइकर उषा सम्मानित

**काठमाडौं**/ नेपाली राष्ट्रिय महिला भलिबल टोलीकी सदस्य उषा भण्डारी सम्मानित भएकी छिन् । सामाखुसीमा रहेको ज्ञान संस्कार अन्तर्राष्ट्रिय स्कुलले सोमबार स्पोर्टस् डेको अवसरमा उषालाई सम्मान गरिएको प्रधानाध्यापक निलम बानियाँ बडूले जानकारी दिएकी छिन् । नेपाली भलिबल र समग्र खेलकुदलाई उचाइमा पुऱ्याउन भूमिका खेलेकाले उनलाई सम्मान गरिएको प्रधानाध्यापक निलमले बताइन्, । उषा विभागीय टोली नेपाल पुलिस क्लबबाट व्यावसायिक भलिबल खेलिरहेकी छिन् ।

### ज्ञानोदय फाइनलमा

**काठमाडौं**/ ज्ञानोदय बालवाटिका र एलआरआई १०औं रेडियन्ट कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा सोमबार फाइनलमा प्रवेश गरेका छन् । ज्ञानोदयले पुष्पसदनलाई ५६-३८ ले पराजित गऱ्यो । ज्ञानोदयको जितमा दीपेश शाहीले ३० स्कोरको योगदान गरे । मन्दिप गुरागाईंको २१ स्कोरको सहयोगमा एलआरआईले आयोजक रेडियन्ट पब्लिकलाई ५३-३१ ले हरायो । सिनियर महिलामा रेडियन्ट पब्लिक र स्वर्णिम उपाधिका लागि भिड्ने भएका छन् ।

### डेफोडिल र हेराल्ड विजयी

**काठमाडौं**/ डेफोडिल र हेराल्डले १८औं भ्याली पब्लिक बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा सोबार जित हात पारेका छन् । डेफोडिलले अपीलाई ५२-४५ ले पराजित गऱ्यो । डेफोडिलका स्पन्दनले १६ स्कोर गरे । हेराल्डले एक्टिभलाई २६-२१ ले हरायो । हेराल्डका दिपतान्शु बस्नेतले ११ स्कोर गरे । सिनियर पुरुषमा ह्वाइटफिल्डले रेडियन्टलाई ५०-४० ले हरायो । हिमालयन किंगडमले नेसनल युनाइटेडमाथि ५०-३६ को जित निकाल्यो । टिआइएले एचएचसिएलाई ४२-३७ ले र बागमतीले रेडियन्टलाई २७-२३ ले पाखा लगायो ।


**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Local Infrastructure**
**Local Infrastructure Development Project Office**
**Itahari, Koshi Povince**

**Invitation for Bids No.:-LIDPOITH/2081-082/07**

**Date of Publication:2081/08/11**

1. Local Infrastructure Development Project Office (LIDPO), Itahari invites electronic bids only from eligible Nepalese bidders for the Construction/Upgrading works of various roads within Koshi Province through packages **LIDPOITH/NCB/W/2081-082/72 to LIDPOITH/NCB/W/2081-082/76** under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information at LIDPO, Itahari, or may visit the PPMO's website **http://www.bolpatra.gov.np/egp.**
2. Bidders may download the bidding documents for e-submission from PPMO's Website **http://www.bolpatra.gov.np/egp.**
3. Pre-bid meeting shall be held at LIDPO, Itahari on **2081/09/01 at 11:00 AM.**
4. Electronic bids must be submitted through PPMO website on or before **12:00 on 2081/09/11**. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 2081/09/11** at LIDPO, Itahari.



**Invitation for Bids**

**Dhanushadham Municipality**
**Office of Municipal Executive**
**Dhanushadham, Dhanusha**

*Invitation for Bids for the* ***Construction of Shree Mithila Prathmik Vidyalay Haripur ward no. 06***

Date of publication: 2081-08-11

1. ***Dhanushadham Municipality , Office of Municipal Executive, Dhanushadham, Dhanusha*** invites electronic bids from Nepalese eligible bidders for the construction of **Construction of Shree Mithila Prathmik Vidyalay Haripur ward no. 06** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information ,visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp, Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

**For Purchase of Bid document**

**Name of the Bank** : NIC Asia Bank,Dhanushadham Branch
**Name of Office** : Dhanushadham municipality
**Office Code no.** : 801021705
**Office Account no.** : GA 1.1-STHANIYA TATHA ANTARIK RAJASWA KHATA DHANUSHADHAM NAGARPALIKA 0312050025358004

**For cash Bank guarantee**

**Name of the Bank** : NIC Asia Bank,Dhanushadham Baranch
**Name of Office** : Dhanushadham municipality
**Office Code no.** : 801021705
**Office Account no.** : GA3 DHARAUTI KHATA -DHANUSHADHAM NAGARPALIKA 0312050025358014

4. Municipality has right to accept or reject fully or partially without any reason.All the procurement process will be according to procuremnt act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. | Bid document Fee Nrs. | Bid security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Shree Mithila Prathmik Vidyalay Haripur ward no. 06 (DM/ Works/02/081-082) | 37,49,288.71 without vat & contingencies | 3000/- | 1,13,000/- | 2081-09-12 at 12:00 hrs | only E-Bid |



**सभापोखरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बाह्रबिसे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको ७ दिने सूचना**

**सूचना प्रकाशित मिति : २०८१/०८/११**

यस गाउँपालिकाको कार्यालयबाट मिति २०८१/०६/२१ गते मध्यान्हराष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रितपूर्वक विद्युतिय माध्यमद्वारा पेश हुन आएका बोलपत्रहरू मध्ये मूल्याङ्कन समितिबाट न्युनतम मूल्याङ्कित तथा सारभुत रुपमा प्रवाभग्राहि देखिएका देहाय बमोजिमको बोलपत्रदातालाई स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोहि ऐनको दफा ४७ बमोजिमको प्रयोजनार्थ ७ दिने सूचना सम्बन्धित सबैको जानकारिको लागि प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि. नं. | बोलपत्र नं./ ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्मको नाम / ठेगाना | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1 | SPRM/UBS/ NCB/04/081/082 | Procurement and Supply of Medicine and Surgical Items | क्यान्डेला मेडि कन्सर्न, कलकिं-१४, काठमाण्डौं | १८,४५,०५०।०० (अक्षरुपी अठार लाख पैतालिसहजार पचासरुपैंयामात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**